# नेपाल सरकार
## वन तथा वातावरण मन्त्रालय

**मदेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुर र चितवन जिल्लामा प्रस्तावित पथलैया–हेटौडा–नारायणघाट सडक (१०० कि.मी.) स्तरोन्नतिको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन राय सुझावको लागि आव्हान गरिएको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/१२/.....

प्रस्तावक श्री सडक विभाग आयोजना निर्देशनालय (ए.डि.बी.) द्धारा मदेश प्रदेशको बारा र बागमती प्रदेशको मकवानपुर र चितवन जिल्लाभित्र पर्ने पूर्व-पश्चिम राजमार्गको पथलैया देखि नारायणघाट सम्मको १०० कि.मी सडक खण्डको स्तरोन्नतिका लागि पथलैया-हेटौडा-नारायणघाट सडक (१०० कि.मी.) स्तरोन्नति आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट स्वीकृतीका लागि सिफारिस साथ प्राप्त भएको छ ।

प्राप्त प्रतिवेदन अनुसार यो सडक श्री भरतपुर महानगरपालिका, हेटौडा उपमहानगरपालिका, जितपुरसिमरा उपमहानगरपालिका, खैरहनी नगरपालिका, रत्ननगर नगरपालिका, राप्ती नगरपालिका र मनहरी गाउँपालिका क्षेत्रमा पर्दछ। सडकको सुरु विन्दु बारा जिल्लाको पथलैया र अन्तिम विन्दु चितवन जिल्लाको गोन्द्राङ रहनेछ। यस आयोजना अन्तर्गत सडकको आफ्नै स्वामित्वमा रहेको ५० मी.अधिकार क्षेत्रमा अस्फाल्ट कंक्रिटबाट निर्मित ४ लेनको सडक ३ मी. आइल्याण्ड सहित आवश्यकतानुसार सोल्जर निर्माण गरिनेछ। सडकको संरिचत गति ८० देखि १०० कि.मी. प्रतिघण्टा रहनेछ। यस सडक खण्डमा वन्यजन्तु वारपारका लागि १९ वटा वन्यजन्तु निकास र २ स्थानमा भायाडक्ट निर्माण गरिनेछ। सडक स्तरोन्नतिको क्रममा ४१ वटा पुल र २४६ वटा कलभर्ट निर्माण गरिनेछन ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनको लागि सर्वसाधारणले प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा मन्त्रालयको वेवसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती सुझावहरुलाई समेत ध्यानमा राखिनेछ। उक्त प्रतिवेदन सम्बन्धी कुनै राय-सुझाव भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्धारा आव्हान गरिन्छ ।

**<u>प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:</u>**

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिहदरवार, काठमाडौं ।
श्री त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, किर्तिपुर,काठमाडौं ।
श्री पुस्तकालय, संसद सचिवालय , सिंहदरवार, काठमाडौं ।
श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, एकान्तकुना, ललितपुर
श्री जिल्ला समन्वय समितिको कार्यालय, बारा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, हेटौडा, मकवानपुर ।
श्री जिल्ला समन्वयको समितिको कार्यालय, चितवन ।
श्री भरतपुर महानगरपालिका भरतपुर, चितवन .
श्री हेटौडा उपमहानगरपालिका, हेटौडा, मकवानपुर
श्री जितपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा
श्री खैरहनी नगरपालिका, खैरहनी, चितवन
श्री रत्ननगर नगरपालिका, बकुलहर, चितवन
श्री राप्ती नगरपालिका, चितवन
श्री मनहरी गाउँपालिका, मकवानपुर ।

**राय सुझाव पठाउने ठेगाना**
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरवार, काठमाडौं ।
फोन नं. ०१-४२११५६७,४२११९४६ इमेल: info@mofe.gov.np

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Project Directorate (ADB)
Bishalnagar

Chudaraj Dhakal
Project Director

Scanned with CamScanner